# किस्पाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं :- ०८०/८१
च.नं. :- १८२६

मितिः-२०८१/०१/१८

सूचना। सूचना॥ सूचना।॥

यस गाउँपालिकाको आ.व.२०८०/८१ तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता तपसिल बमोजिम सानिमा बैंक किस्पाङ शाखाबाट वितरण हुन गैरहेकोले उल्लेखित तालिका बमोजिम तोकिएको दिनमा उपस्थित भई आफ्नो सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी लिनुहुन सम्पूर्ण सामाजिक सुरक्षा लाभग्राहीहरुमा सूचित गरिन्छ।

तपसिल

| २०८१ बैशाख महिना | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं.१ | | वडा नं.२ | | वडा नं.३ | | वडा नं.४ | वडा नं.५ |
| २० गते | २१ गते | २३ गते | २५ गते | २६ गते | २७ गते | २८ गते | ३० गते |
| साविक १,२,३,४ | साविक ५,६,७,८,९ | साविक १,२,३,४ | साविक ५,६,७,८,९ | साविक १,२,३,४ | साविक ५,६,७,८,९ | साविक १,२,३,४,५ ६,७,८,९ | साविक १,२,३,४, ५,६,७,८,९ |

पुनश्चः

१. उपरोक्त तालिका सानिमा बैंक किस्पाङ शाखाबाट रकम भुक्तानी लिने लाभग्राहीहरुको लागि मात्र लागू हुनेछ। अन्यत्र रहनुहुने लाभग्राहीहरुले सानिमा बैंकको आफु नजिकको कुनै पनि शाखाबाट रकम भुक्तानी लिन सक्नुहनेछ।
२. २०८१/०१/३० गते पछि कुनै पनि समयमा कुनै पनि वडाका लाभग्राहीहरुले आफ्नो रकम भुक्तानी लिन सक्नुहुनेछ।
३. सा.सु. भुक्तानी लिन आउँदा अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड अपनाउनु हुन सम्पूर्ण लाभग्राहीहरुलाई अनुरोध छ।
४. एकै दिन धेरै लाभग्राहीहरु रकम भुक्तानी लिन बैंकमा उपस्थित हुँदा बैंकको वितरण काउन्टरको सीमितताका कारण वितरण प्रक्रिया प्रभावित हुन सक्ने भएकोले आफ्नो तोकिएको दिन मात्र उपस्थित भई रकम लिनु हुन अनुरोध गरिन्छ।
५. रकम भुक्तानी लिन आउँदा नागरिकताको प्रमाणपत्र तथा सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपि अनिवार्य रुपमा ल्याउनु पर्नेछ।
६. बैंकमा भत्ता रकम जम्मा गरिराख्दा बैंकको नियमानुसारको व्याज रकम समेत प्राप्त भैराख्ने हुँदा आवश्यक समयमा भुक्तानी लिन सक्नु हुनेछ।

केदार प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत